शितगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ठाडा, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३/०७/१२ गते

शितगगंगा नगरपालिका र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (सी.एम.सी.)- नेपालबीचको साझेदारी, मानसको प्राविधिक सहयोग तथा स्वीस सरकार विकास सहयोग (एसडीसी) को आर्थिक सहयोगमा यस नगरपालिकामा द्वन्द्वपीडित व्यक्तिहरु तथा मानसिक समस्या भएकाहरुलाई गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवामा समतामूलक पहुँचका माध्यमबाट मनोसामाजिक सुस्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालित सङ्क्रमणकालीन न्यायका लागि मनोसामाजिक परामर्श र सामुदायिक एकीकरण कार्यक्रम कार्यान्वयनका लागि तपसिल बमोजिमका पदमा देहायको संख्यामा योग्यता भएका कर्मचारी (खुल्ला प्रतिस्पर्धाद्वारा) सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूले मिति २०८३/०७/३० गते कार्यालय समयभित्र माग बमोजिम विवरण र राजस्व तिरेको रसिदसहित निवेदन पेश गर्नेगरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

क्र.सं.	विज्ञापन नं.	पद	माग संख्या
१	२-०८३/८४	मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह)	१ (खुल्ला)
२	३-०८३/८४	सामुदायिक मनोसामाजिक कार्यकर्ता	१ (द्वन्द्व पिडित)

आवश्यक न्यूनतम योग्यता र अनुभव :

मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह) का लागि	सामुदायिक मनोसामाजिक कार्यकर्ताका लागि
➢ मान्यता प्राप्त विश्वविद्यालयबाट स्टाफ नर्स/ हेल्थ असिस्टेन्ट उत्तीर्ण गरेको वा साइकोलोजी/ सोसल वर्क विषयमा स्नातक (Bachelor) उत्तीर्ण गरेको। ➢ विषयक्षेत्रसँग सम्बन्धित अनुभव भएका उम्मेदवारले अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। ➢ कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको। ➢ आवेदन दस्तुर : रु.७००/- (अक्षरेपी सात सय रुपैयाँ मात्र)। ➢ उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।	➢ कम्तीमा पनि SLC/ SEE वा सो सरह उत्तीर्ण गरेको। ➢ विषयक्षेत्रसँग सम्बन्धित अनुभव भएका उम्मेदवारले अनुभव प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नुपर्नेछ। ➢ आवेदन दस्तुर : रु.३००/- (अक्षरेपि तीन सय रुपैयाँ मात्र)। ➢ उमेर : दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको। ➢ द्वन्द्व पीडित व्यक्ति वा परिवारका सदस्यलाई विशेष प्राथमिकता दिइनेछ। सो हुन नसकेमा अन्य उम्मेदवार छनौट गर्न बाधा पर्ने छैन। ➢ सेवाको किसिम (स्वयंसेवक) आंशिक करार हुनेछ।

कार्य अवधी : हाललाई २०८४ असार मसान्तसम्म। कार्यक्रमको आवश्यकता तथा कार्यसम्पादन मूल्याङ्कनका आधारमा पछी नवीकरण हुन सक्नेछ।

छनौट प्रकृया : शितगंगा नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ (प्रथम संशोधन, २०७७) बमोजिम।

अन्तर्वार्ताको मिति पछि तोकिनेछ।

तलब तथा सुविधा : कार्यक्रमको नियमानुसार।

प्रमुख प्रशासकीय अधिकृत

आवश्यक कागजातहरु :

- नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान,
- न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि १ थान,
- वाञ्छनीय योग्यता तथा अनुभवका प्रमाणित प्रतिलिपि १ थान,
- व्यक्तिगत विवरण (बायोडाटा) १ थान,
- पासपोर्ट साइजको फोटो २ (दुई) प्रति।

दरखास्त दिने अन्तिम मिति : २०८३/०७/३० गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा विदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

आवेदन फाराम कार्यालयबाट वा कार्यालयको वेबसाइट https://shitagangamun.gov.np/ बाट उपलब्ध हुनेछ।

यस सूचनामा उल्लिखित शर्तहरु यसै बमोजिम र सूचनामा उल्लेख हुन छुट भएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन्।

विज्ञापन तथा कार्यक्रम सम्बन्धी थप जानकारीको लागि : नगरपालिकाको स्वास्थ्य शाखामा सम्पर्क राख्नुहोला।

सम्पर्क व्यक्ति : दामोदर ढकाल, मोबाइल नं. : ९८५७०६९८२१

२०८३/०६/१२

नारायणप्रसाद ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत